उदयपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

## ढुंगा ,गिट्टी,बालुवाको स्थानीय तह निकासी शुल्क संकलन ठेका बन्दोबस्ती सम्बन्धि १५ दिने Hard Bid दरभाउपत्र आव्हानको सूचना

**तेश्रो पटक सूचना प्रकाशित मितिः २०७९/०७/०३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे, तथा वन क्षेत्र बाहेक ढुंङ्गा, गिट्टी, बालुवाको निकासी संकलन गर्न १ न. प्रदेश सरकारको आर्थिक एन २०७९ अनुसूची १३ अनुसार तपशिल बमोजिमको खोला, नदी, नालाहरुबाट स्थानीय तह निकासी शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम् अंकमा नघट्ने गरी Hard BID माध्यम बाट १६ औं दिनको १२:०० बजे भित्र कार्यलय मार्फत रीतपूर्वकको दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिएको छ ।

आय ठेक्काको विवरण

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | IEE प्रतिवेदनका आधारमा उत्खनन गरिने खोलाहरु | उत्खनन गरिने वस्तु | उत्खनन गरिने वस्तुको आयतन ( घ.फी.) | न्यूनतम ठेक्का रकम रू. (मु.अ. कर वाहेक) | प्रति क्यू. फिट दर रू. | दरभाउपत्र फारम दस्तुर रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्म गर्न बिबरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | URM/IR/REBID/03-2079/80 | ढुङ्गा, गिट्टी र वालुवा निकासी शुल्क संकलन | तावा खोला वडा नं. १, २, ३ (उत्खनन् क्षेत्र लालहरी बगर तावा खोला, धमिले तावा खोला दोभान, घट्ट बगर, जरुवा बगर) | ढुंगा, गिट्टी, वालुवा | ३३९५७ | २,०३,७४२.०।- | ६।- | १,०००।- | २०७९-७-१८ समय: १२:००स म्म | २०७९-७-१८ समय: १:०० बजे | सानिमा बैंक राजस्व खाता: १२४०१००४०००००१ धरोटी खाता: १२४०१००४००००१५ |
| २ | URM/IR/REBID/04-2079/80 | | पौवा खोला वडा नं. ६, उत्खनन् क्षेत्र (दोभान वडा नं. ६ अयिमोलो बगर वडा नं. ८, बजार तलको बगर वडा नं. ६) | ढुंगा, गिट्टी, वालुवा | १६६४५१.०४ | ९,९८,७०६.२४।- | ६।- | १,०००।- | | | |
| | | | बैजनाथ खोला वडा नं. ५, उत्खनन् क्षेत्र (जग्रोटार जाने छेउको बगर वडा नं. ६, गढी गा.पा. पुछारबगर वाडा नं. ६, खड्कुलो बगर बैजनाथ खोला वडा नं. ६, वाके दह बैजनाथ खोला वडा नं. ६, मौवासी घाट वडा नं. ६, मौवासी बगर २ वडा नं. ६, माटेदोभान बैजनाथ खोला वडा नं.५,बेलबोटे बगर वडा नं.५,८ ,बैजनाथ खोला बगर ठाडो खोला देखि मुल कुलो बीच वडा नं.५,८) | | | | | | | | |

नोटः यस सम्बन्धी विस्तृत जानकारीका लागि उदयपुरगढी गाँउपालिकाको website: www.udayapurgadhimun.gov.np र कार्यालयमा सम्पर्क राख्न सकिनेछ । सम्पर्क नं. ९८५२८३५२७९,९८४५२३०८२७, ९८४००३२६८२, ९८५२८३५२७८ ।

प्रमुख प्रशासकीय अधिकृत

ठेक्का सम्बन्धि शर्तहरु :

१. E bidding दरभाउपत्र फाराम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७९/८० सम्मको नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७७/७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. E bidding दरभाउपत्र फाराम दस्तुर प्रत्येक ठेक्काको लागि रु. १,०००।- (एक हजार) मात्रको नगदी रसिद बुझाई वा यस गाउँपालिकाको राजस्व खाता नं. **१२४०१००४००००००१,** सानिमा बैंक मा दाखिला गरेको सक्कल भौचर सहित १५ (पन्ध्रौ) दिन भित्र कार्यलय मार्फत गरी दरभाउपत्र फाराम खरिद गरिसक्नु पर्नेछ ।

३. Hard BID दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र Hard Bid मार्फत दरभाउपत्र पेश गर्नु पर्नेछ । यसरी E bidding भएको शिलबन्दी दरभाउपत्र सोही दिन दिनको १:०० बजे गाउँपालिकाको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । E bidding दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि E bidding दरभाउपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. अधिकार प्राप्त प्रतिनिधि मार्फत Hard BID दरभाउपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नु पर्ने छ ।

५. E bidding दरभाउपत्र फारम साथ आफुले कवोल गरेको कुल अंकको नेपाली फर्म वा कम्पनी भए ५ प्रतिशत र विदेशी फर्म वा कम्पनी भए १० प्रतिशत धरौटी रकम यस गाउँपालिकाको सानिमा बैंक उदयपुरगढी शाखामा रहेको धरौटी खाता नं. **१२४०१००४००००१५** मा जम्मा गरि सोको सक्कल भौचर वा यस गाउँपालिकाको नाममा कुनै मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेण्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । साथै, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७७/७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखि सहि छाप गरि खामबन्दी गरि शिल लाहाछाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखी दरभाउपत्र फाराम दर्ता गराउनु पर्नेछ ।

७. दरभाउपत्र फाराममा भरेको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।

९. न्यूनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१०. दरभाउपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्बन्धित दरभाउपत्रदाता वा फर्मले नियमानुसार अग्रीम आयकर तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस गाँउपालिकामा आउनु पर्नेछ । अन्यथा धरौटी रकम जफत गरि दोश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: दरभाउपत्र आब्हान गर्ने वा नगर्ने अधिकार गाउँपालिकामा सुरक्षित रहने छ ।

११. ठेक्का सम्झौताको समयमा ठेक्दारले पहिलो किस्ता बापतको कबोल अंकको ४० प्रतिशत रकम यस गाउँपालिकाको सानिमा बैंक उदयपुरगढी शाखामा रहेको राजस्व खाता नं. १२४०१००४००००१५ मा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७९ माघ मसान्त सम्म र तेस्रो किस्ता २० प्रतिशत बापत २०७९ चैत मसान्तमा जम्मा गर्नुपर्नेछ । दोस्रो र तेस्रो किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको बैंकबाट यस गाउँपालिकाको नाममा जारी भएको दोस्रो र तेस्रो किस्ता बराबरको रकमको लागि २०८० श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी सम्झौता गर्दा कै समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२. ठेक्काको अवधि दरभाउपत्रदातासँग सम्झौता भएको मिति देखि २०८० जेठ मसान्त सम्म रहनेछ ।

१३. ठेक्का सम्झौता भैसकेपछि बन्द, हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन ।

१४. ढुङ्गा, गिट्टी र वालुवाको लागि निकासी शुल्क प्रति घन फिट रु. ६।०० रुपैयाँका दरले लिन पाउनेछ ।

१५. यस गाँउपालिकाले निर्धारण गरेको परिणाम र दर/रेटभन्दा बढी उत्खनन् तथा असुल गरेमा नियमानुसार कारवाही गरी ठेक्का रद्द समेत गर्न सकिनेछ ।

१६. ठेकेदारले ठेक्का भोग चलान गर्दा यस गाउँपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहीत हुनेछ ।

१८. पेश भएको दरभाउपत्रमा केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको दरभाउपत्र स्वीकृत गरिने छैन ।

१९. दरभाउपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि वा निर्देशिकाको परिधि भित्र रहि यस गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२०. सम्मानीत अदालत, नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति र यस गाँउपालिकाको नीति, निर्देशन तथा आदेशको पालाना गर्नु/गराउनु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति, निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले गाउँपालिका सँग गर्न पाउने छैन ।

२१. सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सिमा वा मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिटी तथा वालुवा संकलन वा संचय गर्न पाईने छैन ।

२२. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात कबोल रकमको १३ प्रतिशत मुल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण यस गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

२३. ठेकेदारले राखेको धरौटी ठेक्का अवधि समाप्त भए पश्चात आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण ल्याए पछि फिर्ता गरिने छ। साथै यस गाउँपालिकाबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी

दरमा निकासी दस्तुर असुली गरिएको पाइएमा सोही धरौटी वा बिडबन्डबाट कट्टा गरि सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ।

२४. ठेक्कासँग सम्बन्धित रसिदहरु ठेक्केदार स्वयंम आफैले छपाई गरि यस गाउँपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्नेछ। गाँउपालिकाबाट प्रमाणित नगरि रसिद प्रयोग गरिएको पाइएमा नियमानुसार कारवाही हुनेछ।

२५. धरान-चतरा-गाईघाट-सिन्धुली-हेटौडा सडक आयोजनाको प्रतिवेदनमा निर्माण सामग्रीको Quarry Site भनी पहिचान भएका स्थानहरु बाहेकका स्थानहरुबाट मात्र ढुङ्गा, गिटी तथा वालुवा उत्खनन् गर्नु पर्नेछ।

२६. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।

२७. प्रचलित नियमानुसार कालो सूचीमा परेका र गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म/कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

पुनश्च: E bidding दरभाउपत्र खरीद गरि पेश गर्दा खरीद डकुमेन्टमा उल्लेख गरिएको विवरणहरुलाई भन्दा यस सूचनालाइ आधार मानी यसमा लेखिएको शर्तहरु बमोजिम कागजात तथा रकमहरु पेस गरिएको दरभाउपत्रलाई मात्र अन्तिम मान्यता दिइने छ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत